# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

## अठारौं वार्षिक साधारण सभाको निर्णय (माइन्युट) तथा कारवाहीको विवरण

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको अठारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मणि कुमार अर्ज्यालको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१. सभा संचालन मिति, समय र स्थान:**

मिति: २०८२ साल जेठ ५ गते सोमबार

समय: बिहानको ११:०० बजेदेखि

स्थान: होटल सारथी, धुलिखेल न.पा. वडा नं. ८, काभ्रेपलान्चोक ।

**२. सभाको सूचना:**

(क) वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभा सम्बन्धि सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम प्रथम पटक मिति २०८२।१।१० गते को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक र मिति २०८२।१।१२ गतेको 'नेपाल समाचारपत्र' राष्ट्रिय दैनिकमा छलफलका विषयहरु सहित सभा हुने मिति, समय र स्थान सहितको सूचना प्रकाशित गरिएको थियो । साथै वित्तीय संस्थाले सभामा प्रस्तुत हुने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितका वित्तीय प्रतिवेदनहरु, साधारण सभा सम्बन्धि सूचना लगायतका विषयहरु समावेश गरी तयार पारिएको नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको अठारौं वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुको साथै कम्पनीको वेभसाइट www: nerudemirmire.com.np मा समेत राखिएको थियो ।

(ख) वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नियमनकारी निकायहरु: कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, नेपाल राष्ट्र बैंक, लेखापरीक्षकलाई पत्राचार गरी अनुरोध गरिएको थियो । त्यस्तै गरी शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लिमिटेड तथा निर्वाचन अधिकृत अधिवक्ता श्री विद्याकान्त अधिकारीलाई समेत निमन्त्रणा गरिएको थियो । साथै धुलिखेल स्थित जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा समेत साधारण सभा बारे जानकारी गराइएको थियो ।

**३. सभामा प्रस्तुत छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को नाफा/नोक्सान हिसाब र सोही

कम्पनी सचिव

अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

(३) साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित मिति २०८०/११/२९ गतेको वासलात, मिति २०८० श्रावण ०१ गते देखि मिति २०८० फागुन २९ गते सम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरि पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था ऐन,२०७३ को दफा ६३ तथा कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका ३ जना र सर्वसाधारण समूहका ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावहरु :**

(१) संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने सम्बन्धमा ।

(२) संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने क्रममा नियामक निकायवाट कुनै संशोधन गर्न निर्देशन भएमा सो बमोजिम प्रवन्धपत्र नियमावली संशोधन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**(ग) विविध ।**

४. उपस्थिति:

(क) संचालकहरुको उपस्थिति:

१. श्री मणि कुमार अर्ज्याल — अध्यक्ष
२. श्री सन्तोष फुयल — संचालक
३. श्री सुरेन्द्र राज भट्टराई — संचालक
४. श्री सुधिर कुमार श्रेष्ठ — संचालक
५. श्री सन्जु घिमिरे — संचालक ।

(ख) शेयरधनीहरुको उपस्थिति

| जम्मा बाडफाड भएको | | उपस्थिति | | | |
|---|---|---|---|---|---|
| | | | जना | शेयर कित्ता | जम्मा शेयरको प्रतिनिधित्व |
| शेयर संख्या | १,३९,७७,६४२.४२ | स्वयम् उपस्थिति | २३५ | ३६,५२,२४० | |
| शेयरधनी | ३९,५९९ | प्रतिनिधि (प्रोक्सी) मार्फत | ४४८ | ५३,०१,५४६ | ८९,५३,७८६ कित्ता, ६४.०६ प्रतिशत |

कम्पनी सचिव

(ग) आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक एवम् अन्य उपस्थिति

१. निर्वाचन अधिकृत श्री विद्याकान्त अधिकारी
२. अधिबक्ता श्री विश्व दाहाल, समृद्धि ल प्रा.लि. हात्तिसार, काठमाडौं ।
३. श्री समिर चापागाई, नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि.
४. श्री पुजन खडका, नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि.
५. श्री सुरज अग्रवाल, नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि.
६. श्री आलोक शिवाकोटी, नेपाल एसबिआई मर्चेन्ट बैकिङ्ग लि ।

(घ) कर्मचारीहरुको उपस्थितिः सभामा प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव, कार्यकारी श्रेणी, व्यवस्थापकिय श्रेणी, अधिकृत श्रेणी लगायत ३७ जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ५. सभाको बैधानिकता :

(क) साधारण सभा संचालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम बांडफाड भएको शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान भए अनुसार विहान ११:०० बजेसम्म कुल बांडफाड भएको शेयर संख्या १३९,७७,६४२।४२ कित्ताको ५२ प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व गरि स्वयम् वा प्रतिनिधि मार्फत ३ जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भएकोले गणपुरक सख्या पुगेको र साधारण सभा रीतपुर्वक बोलाइएकोले सभा वैधानिक भएको व्यहोरा कम्पनी सचिवले सभा समक्ष राख्नु भयो । सभा वैधानिक भएको व्यहोरा सभाले अनुमोदन गऱ्यो । सभा प्रारम्भ भई सभा समापन हुँदा सम्मको हाजिरी अभिलेख अनुसार प्रोक्सी समेत गरी कुल बाडफाड भएको शेयरको ६४.०६ प्रतिशतले हुने गरी साधारण सभामा (स्वयम् २३५ जना र प्रोक्सी मार्फत ४४८ जना) उपस्थिति रहेको थियो ।

(ख) तत्पश्चात कम्पनी ऐन २०६३ को दफा ७४ को उपदफा (१) को व्यवस्था बमोजिम अठारौं वार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री मणि कुमार अर्ज्यालले गर्नु भयो ।

## ६. स्वागत मन्तव्य :

वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित पर्यवेक्षकहरु समक्ष संस्थाको तर्फबाट संचालक श्री सन्तोष फुयलले स्वागत मन्तव्य राख्नु भयो ।

## ७. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुति :

अठारौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष संस्थाको वार्षिक प्रतिवेदन पेश गर्न कम्पनी सचिवले अध्यक्षज्यूलाई आग्रह गर्नु भयो । तत्पश्चात संचालक समितिको तर्फबाट अध्यक्ष श्री मणि कुमार अर्ज्यालले संस्थाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदन सभा समक्ष वाचन गरेर प्रस्तुत गर्नु भयो ।

कम्पनी सचिव

८. **शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरुः**
अध्यक्षको प्रतिवेदन पश्चात कम्पनी सचिवबाट उक्त प्रतिवेदन तथा आर्थिक वर्ष २०८०।०८१ को वार्षिक आर्थिक विवरण, २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटिमा भएको परिवर्तन लगायत साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको २०८०।११।२९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण लगायतमा शेयरधनीहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरुको लागि शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भएकोमा देहाय बमोजिम १६ जना शेयरधनी महानुभावहरुबाट जिज्ञासा, टिप्पणी तथा सुझावहरु प्राप्त भएको थियो ।

(१) श्री जग्गनाथ आचार्य :
- लाभांश नभएकोले हामी शेयरधनी निरास छौं ।
- लगातार २ बर्ष शेयरधनीले लाभांश नपाउनु दु:खको कुरा हो ।
- खराब कर्जा ८ प्रतिशतबाट बढे १४ प्रतिशत पुगेको पाइएकोले खराब कर्जा व्यवस्थापनको पहल फितलो रहेको देखिन्छ ।
- कर्मचारीहरुलाई लक्ष्य पनि दिनु पर्ने र राम्रोसंग खटेर काम गर्ने कर्मचारीलाई सम्मान पनि गर्नु पर्ने ।
- मिडियामा कम्पनीको बारेमा पटक पटक नकारात्मक समाचारहरु प्रचार प्रसार भईरहेको सुन्नु पर्दा दु:ख लागेको छ ।

(२) श्री भेषराज भण्डारी:
- सभास्थलको छनौट गलत भयो र साधाराण सभा धेरै ढिलो भएको छ ।
- शेयरधनीहरुलाई प्रतिफल भएन ।
- पछिल्लो त्रैमासको रिपोर्ट अनुसार खुद नाफा घटेको, इम्पेरमेन्ट चार्ज बढेको, खराब कर्जा बढेको ।
- मर्जर पश्चात कारोबारमा गुणात्मक बृद्धि हुनुपर्ने तर कारोवार खस्कदै गएको पाइयो ।
- संस्थामा सूचना प्रविधिको प्रयोग राम्रोसंग भएको पाइयो ।

(३) श्री उद्धव प्रसाद घिमिरे :
- सभास्थल टाढा भयो । अर्को बर्ष अलि नजिक र पायक पर्ने स्थानमा गर्नुहोला ।
- वार्षिक लेखा परिक्षण ढिलो किनभएको हो, शेयरधनीलाई प्रतिफल किन छैन ?
- संस्थाको वासलात २२ अरब रुपैयाको रहेकोले संस्था ठुलो भैसकेको छ ।
- संस्थामा चार्टर्ड एकाउन्टेन्ट राख्नु पर्ने बेला भैसकेको छ । अर्कोबर्ष देखि बाह्य लेखापरीक्षकले वित्तीय प्रतिवेदन अझ परिष्कृत र जानकारीमूलक गर्न लगाउनु पर्ने ।
- संचालकको मिटिङ्ग धेरै भयो र संचालक समितिको खर्च पनि धेरै देखियो ।
- कर्मचारीहरुलाई उपयुक्त सुविधा दिएर परिणाममुखि कार्य सम्पादन गराउनु पर्ने

कम्पनी सचिव

(४) श्री सुदिप श्रेष्ठ :

- नेरुडे मिर्मिरे छुट्टाछुट्टै हुँदा राम्रो लाभांश दिएको तर मर्जर पश्चात लाभांश नै छैन ।
- संस्था प्रतिस्पर्धी संस्थाहरुको १० औं स्थानमा रहेको भएतापनि शेयरधनीहरुलाई प्रतिफल दिने क्रममा पछिल्लो स्थानमा रहेको छ ।
- कर्जा असुलिमा बिशेष ध्यान पुऱ्याउनुपर्ने ।
- आगामी बर्षको साधारण सभा पौष भित्र गर्नुपर्ने ।

(५) श्री ब्रम्ह देव शाक्य :

- यस सभामा पेश भएका प्रस्तावहरुमा शेयरधनीहरुलाई केही नरहेको, मर्जर पश्चात सिनर्जि आउनुपर्नेमा नकारात्मक रिजल्ट आएको ।
- निष्कृय कर्जा घटाउन पहल गर्नुपर्ने ।
- आगामी साधारण सभा छिट्टै र उपयुक्त स्थानमा हुनुपर्ने ।

(६) श्री इन्द्र प्रसाद लामिछाने :

- साधारणसभा धेरै ढिलो भयो, सभा स्थान अनुपयुक्त र टाढा रहेको ।
- निष्कृय कर्जा निरन्तर बढ्दै गएकोले अवस्था चुनौतीपूर्ण देखिन्छ ।
- परिस्थितिलाई देखाएर संचालक र व्यवस्थापन पन्छिन मिल्दैन । संचालकहरु बिच राम्रो सम्वन्ध हुनुपर्ने देखिन्छ ।

(७) श्री गोबिन्द बहादुर के.सी. :

- लघुवित्त बिरोधी अराजक गतिविधिबाट लघुवित्त प्रति नकारात्मक प्रभाव परेको छ ।
- व्यबस्थापन, कर्मचारी, संचालक बिच बिबाद रहित भई कार्य गर्नुपर्ने देखिएको र नेरुडे मिर्मिरे भनि अलग अलग भावना नराखी एकै भएर कार्य गर्नुपर्छ ।
- संस्थाको Dividend Capacity बढाउनु पर्ने ।
- रिपोर्टहरु प्रकाशित गर्दा सच्याउनु पर्ने अवस्था नआउने गरि प्रकाशित गर्नुपर्ने ।

(८) श्री डमरु वल्लभ घिमिरे :

- शेयरधनीले साधारण सभामा दिइएको सुझाबहरु कार्यान्वयन नभएको, शेयरधनीले समयमा नै प्रतिवेदन पाउनु पर्ने ।
- साधारण सभा सधै भरि किन धुलिखेलको सारथी होटलमा मात्रै हुन्छ ?
- यो मर्जरले गलत सन्देश दियो ।
- संस्थासंग मुछिएका नकारात्मक कुराहरुको मिडियाबाजी धेरै भयो, के कस्को स्वार्थमा यस्तो भैरहेको हो, यसलाई अन्त गर्नुपर्ने ।
- संचालक समितिको प्रतिवेदनमा स्पष्ट भाषामा संस्था सुधार गर्ने खाका देखिएन

कम्पनी सचिव

(९) श्री इन्द्र कृष्ण श्रेष्ठ:

- साधारण सभा स्थल धुलिखेल बजार भए तापनि दुर्गम स्थानमा भयो ।
- साविक मिर्मिरेमा ठिकैको लाभांश पाउदै आइएको थियो तर नेरुडेसंग मर्जर भएपछि खै लाभांश ?
- संचालकहरु भत्ताखाने मात्रै हो ? संस्थाको प्रगती खै ?
- सभामा पेश गरिएको बार्षिक प्रतिबेदनमा अधिकांश अंग्रेजीमा रहेको छ । के सबै शेयरधनीहरुले अंग्रेजीमा लेखिएको यो प्रतिबेदन बुझ्दछन ? प्रतिवेदन नेपालीमा किन नबनाएको ?
- लाभांश बितरण गर्न बाँकी ८ हजार भन्दा बढी शेयरधनीको लाभांश रकम किन वितरण नगरिएको हो ?

(१०) श्री युगल बस्नेत:

- बार्षिक प्रतिवेदन हेर्दा लगातार दोश्रो वर्ष हातखाली भयो ।
- हालै प्रकाशित चालु बर्षको तेश्रो त्रैमासिक रिपोर्ट हेर्दा वितरण योग्य मुनाफा ऋणात्मक रहेको पाइयो ।
- साधारण सभा गत बर्ष पनि ढिलो भयो यस पटक पनि ढिलो नै भयो ।
- संचालक समिति साधारण सभा ढिलो गर्न अभ्यस्त नै भैसकेको जस्तो छ ।
- प्रमुख वित्तीय सूचकहरु छुट्टै एउटा पानामा राखेको भए राम्रो हुने थियो ।

(११) श्री निरुपमा गुप्ता :

- चालु आर्थिक बर्षको हाल सम्म निष्कृय कर्जा बढेकोछ ।
- गत वर्षको तुलनामा समिक्षा वर्षमा रु. २१ करोड खर्च के के मा बढेको हो, स्पष्ट पार्नु पर्‍यो ।
- Investment planning र चालु बर्ष शेयरधनीलाई के कति प्रतिफल दिने योजना छ सो बारे जानकारी गराउनु पर्ने ।

(१२) श्री मन वहादुर राई :

- साविक नेरुडे र मिर्मिरेमा संचालकहरु निर्विरोध निर्वाचन हुने गरेको इतिहास रहेकोले यस पटक पनि निर्विरोध निर्वाचित भएको भए राम्रो हुने थियो ।
- संस्थाको नाम नेरुडे मिर्मिरे भएकोले साविक नेरुडे र साविक मिर्मिरे आइराख्ने भएकोले मर्जरको औचित्य नदेखिएको र प्रगती नभएकोले नयाँ नाम राख्दा उपयुक्त हुने देखिन्छ ।
- केन्द्रीय कार्यालय काठमाण्डौ किन नराख्ने ? यस बिषयमा पनि छलफल हुनु पर्‍यो ।

कम्पनी सचिव

(१३) श्रीराम प्रसाद पाण्डे:

- संस्थागत शुसासन कायम गर्नुपर्ने ।
- आगामी बर्ष देखि साधारण सभा समयमै हुनु पऱ्यो ।
- प्रतिबेदन समयमै पाउनु पऱ्यो ।
- मिडियाबाजी गर्ने प्रवृतिले संस्थाको छवीमा ह्रास आएको छ । यस्तो प्रवृति तत्काल अन्त्य गर्नुपर्ने ।
- आगामी बर्षको कार्तिक भित्र साधारण सभा गर्नुपर्ने ।
- समस्या समाधानमा वर्तमान अध्यक्षले खेल्नु भएको भुमिका सह्रनीय रहेको छ ।
- संचालक समिति बैठक धेरै पटक भएको देखिन्छ । अन्य खर्च समेत बढी भएको देखिन्छ ।

(१४) श्री लक्ष्मी प्रकाश सैंजु :

- नयाँ पुस्ताबाट पनि संचालकमा प्रतिनिधित्व हुनु पर्ने,
- शेयरधनीले लाभांश पाउने गरी संचालकले कार्य गर्नुपऱ्यो ।

(१५) श्री धुव राज मिश्र :

- साविक नेरुडे र मिर्मिरेमा ठिकैको लाभांश पाउदै आइएको थियो तर मर्जर भएपछि अपेक्षित नतिजा पाइएन ।
- हालको नेरुडे मिर्मिरे सम्म आइपुग्दा ५ वटा संस्था मर्जर भएका छन । संस्था वनाउन आफुले धेरै मेहनत गरेको त्यसैगरि अन्य साथीहरुले पनि मेहनत गर्नु भएको छ ।
- अब संस्था मर्जर भएपछि संस्था राम्रो बनाउन सबैले मिलेर काम गर्नुपर्ने देखिन्छ ।
- संस्थामा कर्मचारी खर्च धेरै भएको पाइएको, अन्य संस्थाको तुलनामा कर्मचारी संख्या समेत बढी भएको तर सो को तुलनामा प्रगती भएको देखिएन ।
- कर्मचारीको उचित ब्यबस्थापन गरि खर्च घटाउनु पर्ने र उत्पादकत्व बढाउनु पर्ने देखिन्छ ।
- कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरण बनाउनु पर्ने ।

(१६) श्री भुवनेश्वर मण्डल :

- संचालक निर्वाचनको विषयमा सकभर सहमति भएको राम्रो । निर्वाचन मै जानु पर्दा पनि सौहार्द वातावरणमा विना विवाद निर्वाचन सम्पन्न गरौं ।
- संस्थाको हालसम्मको रिपोर्ट राम्रो नभएकोले सबैले मिलेर संस्थाको उन्नती प्रगती तर्फ ध्यान दिई अगाडी बढ्न सबैलाई अनुरोध गर्नुभयो ।

९. <u>शेयरधनी महानुभावहरुका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको प्रत्युत्तर:</u>

शेयरधनी महानुभावहरुबाट प्राप्त जिज्ञासा, टिप्पणी तथा सुझावहरु माथि अध्यक्षको आदेश अनुसार प्रमुख कार्यकारी अधिकृत श्री भोज राज वस्यालले प्रत्युत्तर जवाफ पेश गर्नु भयो ।

कम्पनी सचिव

वहाले प्रत्युत्तर जवाफ पेश गर्दा आर्थिक वर्ष २०८०।०८१ को चौथो त्रैमासिक प्रतिवेदन प्रकाशनको क्रममा प्रति शेयर आम्दानी (Earning Per Share EPS) र Price Earnings Ratio संशोधन गर्नुपर्नाको कारण, अघिल्लो वर्षको एकल संस्थाको तुलनामा समिक्षा वर्षमा एकिकृत संस्थाको खर्च बढी भएको, मर्जरको पहिलो वर्ष भएकोले अघिल्ला वर्षहरुको तथ्यांकहरु समेत समावेश गरी Trend देखिने गरी Graphic प्रस्तुतिकरण गर्न नमिलेको, २ जना संचालकहरु उपत्यकाभन्दा बाहिरबाट आउनुपर्ने अवस्थाले संचालकहरुको दैनिक भत्ता तथा भ्रमण खर्च समेत समावेश गर्दा संचालक समितिको 'अन्य खर्च' शिर्षकमा बढी रकम खर्च भएको, शेयरधनीहरुले बुझन बाकी रकम शेयर रजिष्ट्रारसंग रहेको लगायतका कुराहरु स्पष्ट पार्नु भयो । वहाले शेयरधनी महानुभावहरुले दिनु भएको सुझाव, हौसला र सकारात्मक प्रतिक्रियाले संस्थालाई अगाडी बढाउन थप प्रेरणा मिलेको र सुझावहरुलाई मनन् गरी अगाडी बढने प्रतिवद्धता जनाउनु भयो ।

प्रमुख कार्यकारी अधिकृतबाट प्रत्युत्तर जवाफ पेश भएपछि अरु थप प्रत्युत्तर स्पष्टिकरण जरुरी नभएको व्यहोरा सभाबाट आएपछि अध्यक्षको आदेश अनुसार कम्पनी सचिवले प्रस्तावहरु निर्णयको लागि सभा समक्ष पेश गर्नु भयो ।

१०. सभाका प्रस्तावहरु तथा निर्णय

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

**निर्णय:** सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री मणि कुमार अर्ज्यालज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(२) लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/०८१ को नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

**निर्णय:** लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक बर्ष २०८०/०८१ को नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(३) साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित मिति २०८०/११/२९ गतेको वासलात, मिति २०८० श्रावण ०१ गते

कम्पनी सचिव

देखि मिति २०८० फागुन २९ गते सम्मको नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

**निर्णय:** साविक मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहित मिति २०८०/११/२९ गतेको वासलात, मिति २०८० श्रावण ०१ गते देखि मिति २०८० फागुन २९ गते सम्मको नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा लेखा सम्बन्धि नीतिहरु सहित सम्बन्धित अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

(४) बैंक तथा वित्तीय संस्था ऐन,२०७३ को दफा ६३ तथा कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**निर्णय:** बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन,२०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिको शिफारिसमा संचालक समिति मार्फत सभामा पेश भएको प्रस्ताव माथि छलफल हुंदा साविकको लेखापरीक्षण संस्था: बि आर एस न्यौपाने एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री अनुप कुमार श्रेष्ठलाई लेखापरीक्षण शुल्क वापत कर बाहेक रु १०,००,०००।०० (अक्षेरुपी दश लाख मात्र) (यातायात, दैनिक भत्ता होटल आदि खर्च समेत एकमुष्ट) भुक्तानी गर्ने गरी वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण र अन्य नियमनकारी निकायमा पेश गर्नु पर्ने विवरणहरुको प्रमाणिकरण समेत गर्न आर्थिक वर्ष २०८१।८२ को बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(५) वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका ३ जना र सर्वसाधारण समूहका ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**निर्णय:** वित्तीय संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था बमोजिम संचालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका ३ जना र सर्वसाधारण समूहका ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत श्री विद्याकान्त अधिकारीले सभा समक्ष देहायको व्यहोरा पेश गर्नु भयो ।

(क) संस्थापक समुह तर्फका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी ३ जना संचालकहरु निर्वाचन गर्न मिति २०८२।१।२५ गते प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम मिति २०८२।१।३० गते देहाय बमोजिम ७ जनाको मनोनयन पत्र दर्ता भएको थियो ।

(१) श्री मणि कुमार अर्ज्याल

(२) श्री प्राइम कमर्शियल बैंक लि., प्रतिनिधि श्री नारायण प्रसाद श्रेष्ठ

कम्पनी सचिव

(३) श्री सन्तोष फुयल
(४) श्री गणेश प्रसाद आचार्य
(५) श्री लक्ष्मी प्रकाश सैंजु
(६) श्री संजय कुमार श्रेष्ठ
(७) श्री टेक बहादुर बोहरा ।

उल्लिखित ७ जना उम्मेदवारहरु मध्ये क्रम संख्या (४) र (६) मा मनोनयन पत्र दर्ता गर्नु भएका श्री गणेश प्रसाद आचार्य र श्री संजय कुमार श्रेष्ठले मिति २०८२।१।३१ गते र क्रम संख्या (५) मा मनोनयन पत्र दर्ता गर्ने उम्मेदवार श्री लक्ष्मी प्रकाश सैंजुले मिति २०८२।२।५ गते आफ्नो मनोनयन पत्र फिर्ता लिएबाट बाकी ४ जना उम्मेदवारहरु बीच मिति २०८२।२।५ गते सम्पन्न निर्वाचनमा देहाय बमोजिम मत प्राप्त गर्नु भयो ।

| क्र.सं. | उम्मेदवारको नाम थर | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| (१) | श्री मणि कुमार अर्ज्याल | ५७,०६,४९५ | निर्वाचित |
| (२) | श्री प्राइम कमर्शियल बैंक लि., प्रतिनिधि श्री नारायण प्रसाद श्रेष्ठ | ३४,२०,९७८ | |
| (३) | श्री सन्तोष फुयल | ५५,६५,३८६ | निर्वाचित |
| (४) | श्री टेक बहादुर बोहरा | ५५,३९,२०८ | निर्वाचित |

उल्लिखित मत परिणामको आधारमा उच्चतम मत प्राप्त गर्ने देहाय बमोजिमका ३ जना उम्मेदवारहरु निर्वाचित भएको व्यहोरा घोषणा गर्नुभयो ।

(१) श्री मणि कुमार अर्ज्याल,
(२) श्री सन्तोष फुयल,
(३) श्री टेक बहादुर बोहरा ।

(ख) सर्वसाधारण समुह तर्फका शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी ३ जना संचालकहरु निर्वाचन गर्न मिति २०८२।१।२५ गते प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम मिति २०८२।१।३० गते देहाय बमोजिम ७ जनाको मनोनयन पत्र दर्ता भएको थियो ।

(१) श्री सुधिर कुमार श्रेष्ठ
(२) श्री सन्जु घिमिरे
(३) श्री प्रभाकर कुमार देवकोटा
(४) श्री दिपेन्द्र बहादुर राजभण्डारी
(५) श्री राज कुमार राई
(६) श्री इन्दिरा मिश्र
(७) श्री शेष कुमार ढुंगाना ।

कम्पनी सचिव

उल्लिखित ७ जना उम्मेदवारहरु मध्ये क्रम संख्या (३), (४), (६) र (७) मा मनोनयन पत्र दर्ता गर्नु भएका श्री प्रभाकर कुमार देवकोटा, श्री दिपेन्द्र बहादर राजभण्डारी, श्री इन्दिरा मिश्र र श्री शेष कुमार ढुंगानाले आज मिति २०८२।२।५ गते आफ्नो मनोनयन पत्र फिर्ता लिनु भएबाट देहायका ३ जना उम्मेदवारहरु सर्वसम्मतिमा निर्वाचित भएको घोषणा गर्नु भयो ।

(१) श्री सुधिर कुमार श्रेष्ठ
(२) श्री सन्जु घिमिरे
(३) श्री राज कुमार राई ।

उल्लिखित बमोजिम आज मिति २०८२।२।५ को अठारौं वार्षिक साधारण सभाबाट देहाय बमोजिम ६ जना संचालकहरु निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नु भयो ।

(१) श्री मणि कुमार अर्ज्याल,
(२) श्री सन्तोष फुयल,
(३) श्री टेक बहादुर बोहरा
(४) श्री सुधिर कुमार श्रेष्ठ
(५) श्री सन्जु घिमिरे
(६) श्री राज कुमार राई ।

निर्वाचन अधिकृतले गरेको निर्वाचन परिणामको घोषणालाई सभाले सर्वसम्मतिले पारित गर्‍यो । तत्पश्चात निर्वाचन अधिकृतले निर्वाचित संचालकहरुलाई प्रमाणपत्र वितरण गरी सभाको थप काम कारवाहीको लागि कम्पनी सचिवलाई हस्तान्तरण गर्नु भयो ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) संस्थाको प्रवन्धपत्र, नियमावली संशोधन गर्ने सम्बन्धमा ।

**निर्णय:** वित्तीय संस्थाको प्रबन्धपत्रको दफा २ को उपदफा (१) मा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ ।" को सट्टा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका वडा नं १ भक्तपुरमा रहनेछ ।" भनी संशोधन गर्ने प्रस्ताव सभाले सर्व सम्मतिले पारित गर्‍यो ।
वित्तीय संस्थाको नियमावलीको नियम २ को उपनियम (१) मा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ।"

कम्पनी सचिव

को सट्टा "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका वडा नं १ भक्तपुरमा रहनेछ ।" भनी संशोधन गर्ने प्रस्ताव सभाले सर्व सम्मतिले पारित गऱ्यो ।

उल्लिखित बमोजिम वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा संशोधनको सम्बन्धमा देहायको ३ महले संशोधन विवरण समेत सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**प्रबन्ध पत्रको संशोधित प्रावधानको तीन महले विवरण**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा २ लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना :<br>१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । | दफा २ लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना :<br>१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका वडा नं १ भक्तपुरमा रहनेछ । | समय सापेक्ष कार्यालय व्यवस्थापन गर्न जरुरी देखिएको र मर्जर विनियावलीका प्रावधानहरु समेत पुरा गरेकोले । |

नियमावलीको संशोधित प्रावधानको तीन महले विवरण

| साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| नियम २ : लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना :<br>१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । | नियम २ : लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहने ठेगाना :<br>१) यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय कार्यालय बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलान्चोकमा रहनेछ । संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका वडा नं १ भक्तपुरमा रहनेछ । | समय सापेक्ष कार्यालय व्यवस्थापन गर्न जरुरी देखिएको र मर्जर विनियावलीका प्रावधानहरु समेत पुरा गरेकोले । |

(२) संस्थाको प्रवन्धपत्र, नियमावली संशोधन गर्ने क्रममा नियामक निकायवाट कुनै संशोधन गर्न निर्देशन भएमा सो बमोजिम प्रबन्धपत्र नियमावली संशोधन गर्न संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**निर्णयः** साधारण सभाबाट पारित संशोधन/ परिमार्जनमा नियामक निकायबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी अन्तिम रुप दिन र साधारण सभाको निर्णय कार्यान्वयन गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

कम्पनी सचिव

(ग) **विविधः**

कम्पनी ऐन २०७३ को दफा ७७ (२) बमोजिम विविध शिर्षकमा छलफल गर्ने कुनै पनि प्रस्ताव दर्ता नभएकोले कम्पनी ऐनको व्यवस्था भए बमोजिम साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउने व्यहोरा सभालाई जानकारी गराइयो ।

११. **धन्यवाद ज्ञापन तथा सभाको समापन र विसर्जनः**

छलफलको लागि निर्धारित प्रस्तावहरु माथि सभाले निर्णय गर्ने कार्य सकिएको, निर्वाचनको कार्य पनि समाप्त भएकोले अध्यक्षले अठारौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावहरु, संचालकहरु, निर्वाचन अधिकृत, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा वित्तीय संस्थाको साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक सदस्यहरु, कर्मचारीहरु लगायतलाई वहाहरुले आआफ्नो तर्फबाट दिनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्नु भयो ।

अन्त्यमा, साधारण सभाका अध्यक्षले गर्नुपर्ने कुनै विषय बाकी नभएकोले वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभा राती १०:०० बजे समापन भएको घोषणा गर्नु भयो ।

तुलसीराम पाठक
कम्पनी सचिव

मणि कुमार अर्ज्याल
अध्यक्ष